# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**रजैया, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

मनहरी गाउँपालिका कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक ब्यवस्थापन शाखा
च.नं.: 1562

मितिः-२०७७/१२/१२

विषयः- निर्णय कार्यान्वय गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७७ फागुन २८ गते शुक्रवार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान सात यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

2077/12/12

(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७ साल फागुन २८ गते शुक्रवारका दिन अपरान्ह ०१ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा. अध्यक्ष | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | सदस्य |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १७. श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

१. श्री संगिता अधिकारी    लेखा अधिकृत    राजश्व/आ.प्र.महाशाखा प्रमुख

२.

मिति २०७७ फागुन २८ गते शुक्रवार बसेको मनहरी गाउँ कार्यपालिका बैठकको निर्णय

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा गरिएको वारे ।
२. योजनाको नाम संशोधन वारे ।
३. लागत सहभागिताको योजना पेश गर्ने वारे ।
४. गाडी भाडा सुविधा वारे ।
५. उपाध्यक्षले राजिनामामा उल्लेख गरेका विषयहरु वारे ।
६. शाखागत कार्य प्रगति पेश गर्ने वारे ।
७. वडा स्तरिय भैपरी योजना छनौट र संचालन गर्ने वारे ।
८. वालवालिकाहरुलाई निर्वाह खर्च दिने वारे ।
९. अपाङ्गता सम्वन्धी कार्यक्रम संचालन वारे ।
१०. विकासका गतिविधि रेडियो कार्यक्रम वारे ।
११. आर्थिक सहयोग र डकुमेन्ट्रि बनाउने वारे ।
१२. लागु औषध विरुद्द सचेतना कार्यक्रम संचालन वारे ।
१३. प्रदेश समपुरक योजनाको नाम संशोधन वारे ।
१४. प्रदेश विशेष अनुदान रकमको योजना छनौट वारे ।
१५. रुपाचुरी फरिवाङ सडकको वचत रकम वारे ।
१६. नदीजन्य श्रोतको अनुगमन जनशक्ति वारे ।
१७. विभिन्न योजना संचालन गर्ने वारे ।
१८. पालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षण (O & M) प्रतिवेदन तयार गर्ने वारे ।
१९. गाउँपालिकाको प्रशासनिक भवन निर्माण स्थलको ToR स्वीकृत गर्ने वारे ।
२०. समावेशी भवन निर्माण वारे ।
२१. विविध विषयहरु
    क- शिक्षिकाहरुको शैक्षिक भ्रमण सहयोग वारे ।
    ख- अनेम संघलाई सहयोग गर्ने वारे ।
    ग- शैक्षिक अक्षय कोषलाई सहयोग गर्ने वारे ।
    घ- आर्थिक सहायता अनुमोदन वारे ।

निर्णयहरु

१. यस प्रस्तावमा छलफल यस अघि वसेको मिति २०७७/११/११ गते वसेको कार्यपालिका बैठकले गरेका विभिन्न १६ वटा निर्णयहरुको कार्यान्वयनका अवस्था वारे छलफल भयो । सो अनुसार निर्णय नं. ३ निर्णय कार्यन्वयनका लागि पत्राचार भएको र निर्णय नं. ४ को विवरण प्राप्त भएको । अन्य निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भैरहेको पाईयो ।

२. यस प्रस्तावमा छलफल गर्दा यहि १७ गते सम्पन्न आठौ गाउँसभावाट भएको निर्णयानुसार यस गाउँपालिका क्षेत्रभित्र संचालनको क्रममा रहेका स्वीकृत योजनाहरको

नाम नमिलेमा सो नाम संशोधन गर्न सकिने ब्यवस्था भएकाले देहायका योजनाहरुको नाम संशोधन गरी संशोधित नाम अनुसार योजना संचालन गर्ने ।

| वडा नं. | योजनाको नाम. ठेगाना | रकम | संशधित नाम. ठेगाना | कैफियत |
|---|---|---|---|---|
| २ | भिमान सहिद पार्क निर्माण | १० लाख | भिमान सडक निर्माण | गा.पा.पुँ. |
| २ | विद्युत विस्तार गोगनघारी | ४ लाख | गोगनघारी सडक विस्तार | गा.पा.पुँ. |
| २ | मंदिर ट्याङकेश्वर निर्माण | २ लाख | सवालटोल खानेपानी | गा.पा.पुँ. |
| ८ | राप्ती निकास पुल | ७ लाख | सुकौरा खोल्सी पुल/कल्भर्ट | गा.पा.पुँ. |
| १ | शान्ति स्वाबलम्वन चकरी वाल निर्माण | २ लाख | शान्ति स्वाबलम्वन चकरी भवन निर्माण | गा.पा.पुँ. |
| ७ | विजौना चेकावारी स्ल्याव ढलान | ४ लाख | चेकावारी हुँदै रमौली जाने बाटो स्तरीकरण | गा.पा.पुँ. |
| ७ | मनहरी शान्ति टोल ढल निर्माण | २ लाख | माथिल्लो बजारको भित्री ढल निर्माण | गा.पा.पुँ. |

३. यस प्रस्तावमा छलफल गर्दा गाउँसभावाट विनियोजित ६०/४० प्रतिशत नगद लागत सहभागिता ब्यहोर्ने गरी लाभग्राही/उपभोक्ता समुहवाट संचालन गर्ने योजनाहरुको छनौट कार्य सम्वन्धित वडाहरुले प्राथमिकताका क्रम अनुसार छनौट गरी १५ दिन भित्र वडा कार्यालयहरुले गाउँपालिकामा पेश गर्ने गरी कार्यालयवाट पत्राचार गर्ने ।

४. यस प्रस्तावमा छलफल गतः बैठकको निर्णयानुसार माग गरिएको विवरण कार्यपालिका बैठकमा पेश भई जानकारी भयो । सो सम्वन्धमा उपाध्यक्ष मनिला विष्टले मिति २०७७/०७/२१ देखि २०७७/११/०९ सम्मको अवधिमा ७७ दिन प्रयोग गरेको बा.१४ च ९५८० को स्कार्पियो गाडीका लागि ८५५ लिटर डिजेल सहित भाडा वापत कार्यालयवाट रु. ५.००.१३२.०० भुक्तानी गरेको पाईयो । सो खर्च सम्वन्धमा छलफल गर्दा बागमती प्रदेश सरकारद्धारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसुचि १(क) को सि.नं. ११ र १२ अनुसार गाडी उपलब्ध नभए मासिक सवारी वापत १० हजार सुविधा पाउने देखिएकाले सो भन्दा वढि रकम निजवाट असुल उपर गर्न कार्यालयलाई निर्देशन दिने ।

५. यस प्रस्तावमा छलफल गर्दा मनिला विष्टले गाउँपालिकाको उपाध्यक्ष पदवाट गाउँपालिका अध्यक्ष समक्ष दिएको लिखित राजिनामामा उल्लेख गरिएका विषयहरुमा छलफल भयो । सो राजिनामा पत्रमा केहि कर्मचारीको गलत निर्णय र गलत कार्यशैलीका कारण गाउँपालिकामा ब्यापक आर्थिक अनियमिता र भष्टाचार भएको र सुधारका केहि पनि पहल नभएको ब्यहोराका विषयमा गाउँ कार्यपालिकाको गंभिर ध्यानाकर्षण भयो ।

गाउँपालिकामा ककसले के कति. कसरी र कहिले के विषयमा अनियमिता, भ्रष्टाचार गरी आर्थिक कारोवार गरेका छन् सो को विस्तृत विवरण सहितको लिखित

स्पष्ट प्रतिवेदन माग गरी कार्यालयले अर्को कार्यपालिका बैठकमा पेश गर्ने । उपाध्यक्षले बैठक शाखाको दराजवाट झिकेर लगेको सातौं गाउँसभाको सक्कल निर्णय पुस्तिका एक थान, मिति ०७७ कात्तिक २४ गते वसेको कार्यपालिकाको सक्कल निर्णय पाना थान ६ र गाउँपालिका अध्यक्षको कोठावाट लगेको ठाडोखोला झुल्यान बस्ती बचाउ उपभोक्ता समिति मनहरी २ लाई १० लाख भुक्तानी गरिएको गोश्वरा भौचर सहितको सक्कल फाईल थान एक समेत हाल सम्म फिर्ता नगरेकाले फिर्ता माग गर्ने ।

६. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकावाट चालु आ.ब.का लागि विनियोजित बजेट तथा कार्यक्रम अनुसार तोकिएका लक्ष अनुसारका कार्य प्रगति विवरण सवै विषयगत शाखा, उपशाखाहरुले अनिवार्य रुपमा समिक्षाका लागि प्रगति विवरण पेश गर्ने र कामका सिलसिलामा देखिएका समस्याहरु समेत सहजिकरणका लागि जानकारी गराउने ब्यवस्था समेत कार्यालयले मिलाउने ।

७. यस प्रस्तावमा छलफल गर्दा नियमित वार्षिक कार्यक्रममा नपरेका स-साना योजना संचालनका लागि वडा कार्यालयहरुवाट माग भै आएकाले त्यस्ता थोरै लगानीको तुलनामा अत्याधिक प्रतिफल दिने आकस्मिक योजनाहरुका लागि प्रत्येक वडाका लागि १० लाखका दरले वडा स्तरिय भैपरी योजना शिर्षकवाट विनियोजन गर्ने । वडा नं. ४ बाट देहाय अनुसारका योजना छनौट भै आएकाले सो अनुसार र अन्य वडा कार्यालयहरुले समेत छनौट गरी प्राथमिकताक्रमका आधारमा प्राप्त योजनाहरु उपभोक्ता समिति मार्फत संचालन/कार्यान्वयनको ब्यवस्था कार्यालयले मिलाउने ।

| सि.नं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय जाने बाटो निर्माण योजना | ५ लाख | |
| २ | मुलखोला दोभान बस्ती वचाउ योजना | १.५ लाख | |
| ३ | ट्वाग्रा कवुलेती बस्ती बचाउ योजना | १.५ लाख | |
| ४ | नयाँ वस्ती बाटो मर्मत योजना | १.५ लाख | |

८. यस प्रस्तावमा छलफल गर्दा यस प्रस्तावमा छलफल गर्दा प्रदेश सरकार चालु सशर्त अनुदान अन्तरगत आमा वावु दुवै गुमाएका वालवालिकाहरुका लागि संरक्षण कार्यक्रमका लागि प्राप्त रु. ७२ हजारवाट स्वीकृत मापदण्ड अनुसार लागि आ.ब. २०७७/०७८ मा प्राप्त अनुदान कार्यक्रम कार्यन्वयन मार्गदर्शन अनुसार छनौटका लागि कार्यालयवाट प्राप्त सिफारिसको आधारमा निम्नानुसारका वालवालिकाहरु छनौट गर्ने ।

| सि.नं. | वालकको नाम थर | वडा नं. | जन्म मिति | संरक्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरज नेपाल | ९ | २०६४/११/०७ | कपिल प्रसाद/गोमा नेपाल | |
| २ | अनिश वल | ९ | २०६८/०२/१० | सेरबहादुर/गंगामाया वल | |
| ३ | निमा लोप्चन | ४ | २०६३/०२/०५ | लानम लामा थोकर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सुनिता थापा | ३ | २०६६/०३/०२ | विनिता लामा सिन्तान | |
| ५ | सहरा गिरी | ८ | २०६५/०३/२९ | पुस्कल गिरी | |

९. यस प्रस्तावमा छलफल गर्दा प्रदेश सरकार चालु सशर्त अनुदान अन्तरगत अपाङ्ता भएका ब्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रममा प्राप्त रु. ३ लाखवाट स्वीकृत मापदण्ड र आधारहरु अनुसार कृयाकलाप संचालनका लागि आ.ब. २०७७/०७८ मा प्राप्त अनुदान कार्यक्रम कार्यन्वयन मार्गदर्शन अनुसार गठित सि.वि.आर. समन्वय तथा अनुगमन समितिले तयार गरेको ToR अनुसार अपाङ्ता भएका ब्यक्तिहरुको क्षमता, शिप र आय आर्जनमा प्रतक्ष टेवा पुग्ने गरी साझेदार संघ संस्था नियमानुसार अपाङ्ग स्वावलम्वन जीवन पद्धति केन्द्रले काम गर्ने गरी छनौट गरी कार्यालयले कार्यक्रम कार्यान्वयन गर्ने ।

१०. यस प्रस्तावमा छलफल गर्दा सामुदायिक रेडियो मकवानपुर १०१.३ मेगाहर्जलाई मनहरी गाउँपालिकाले गर्दै आएको कार्य प्रगति, नीति, कार्यक्रम, बजेट, पालिकाका कानुनी पक्षहरु, स्थानीय वासीहरुको धारणा सहितका कुराकानी/सामचार तथा सचेतनामुलक गतिविधिहरु समेटेर विकासका वहुआयामिक गतिविधिहरुका विषयमा हप्ताको एकपटक कार्यक्रम संचालनका लागि मासिक १५ हजारका दरले २०७८ आषाढ मसान्त सम्मका लागि प्राप्त प्रस्ताव अनुसार स्थानीय सरकार रेडियो कार्यक्रममा विनियोजित बजेटवाट ब्यहोर्ने गरी कार्यालयले कार्यक्रम संचालनको संझौता गरी कार्यान्वयन गर्ने ।

११. यस प्रस्तावमा छलफल गर्दा हेटौडा ९६.६ FM र सर्वोकृष्ट मिडिया प्रा.लि.लाई विल वमोजिम विज्ञापन खर्च रु. ३५ हजार सुचना प्रकाशन शिर्षकवाट भुक्तानी दिने र सो मिडिया प्रा.लि.मार्फत पेश भएको प्रस्ताव अनुसार गाउँपालिकाको समग्र पर्यटन र विकासका पाटाहरु समेटेर डकुमेन्ट्रि बनाउन नियमानुसार खर्च गर्ने गरी रु.२ लाख स्थानीय टेलिभिजनमा कार्यक्रम उत्पादन तथा प्रशारण शिर्षकवाट विनियोजन गर्ने ।

१२. यस प्रस्तावमा छलफल गर्दा विश्वब्यापी समस्याको रुपमा रहेको लागु औषध उत्पादन, खरिद, विक्री, वितरण निकासी पैठारी ओसारपसार तथा सन्चय गर्ने विरुद्व कानुनी सचेतना सम्वन्धी कार्यक्रम संचालनका लागि (सगुनको संस्थालाई) लागु औषध दुर्व्यसनी विरुद्व अभिमुखि कार्यक्रममा विनियोजित १ लाखवाट प्रभावकारी कार्यक्रम संचालनका लागि नियमानुसार कार्यालयले आवश्यक व्यवस्था मिलाउने ।

१३. यस प्रस्तावमा छलफल गर्दा आगामी आ.ब.मा संचालन हुने प्रदेश समपुरक कोषवाट संचालन हुने योजना छनौटका क्रममा गत कार्यपालिका बैठकको निर्णय नं. ७ क. मा मनहरी ६ प्रतापुर पर्यटकिय मार्ग हुनु पर्नेमा भुलवस चालु आ.ब.मा संचालित मानेडाँडा भएर रमौली जाने बाटोको पिच निर्माण कार्य उल्लेख भएकाले भुल सुधार प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौडा समक्ष पेश गर्ने ।

१४. यस प्रस्तावमा छलफल गर्दा आगामी आ.ब.मा संचालन हुने प्रदेश विशेष अनुदानवाट संचालन हुने गरी मनहरी ६ सुनाचुरी जोगिताल बृहद खानेपानी योजना छनौट गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौडा समक्ष पेश गर्ने ।

१५. यस प्रस्तावमा छलफल गर्दा प्रदेश सरकार र मनहरी गाउँपालिकाको संयुक्त लगानीमा निर्माण हुने गरी मनहरी गाउँपालिका वडा नं. ६ को रुपाचुरी फरिवाङ सडक स्तरीकरण योजना तर्फ विनियोजित रु. २ करोडको वोलपत्र प्रकाशन गरीएकोमा सो ठेक्का कवोल रकम वाहेक वचत भएको रकमवाट सो क्षेत्रमा थप सडक तथा तटवन्धन कार्य गराउन आवश्यक देखिएकाले देहायका निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत गर्ने गरी वचत रु. ८० लाख बजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | मनहरी रुपाचुरी सडक स्तरीकरण/निर्माण योजना | २० लाख | |
| २ | लोथर फरिवाङ सडक स्तरीकरण/निर्माण योजना | २० लाख | |
| ३ | भुलचोक खयरघारी बाटो स्तरीकरण/निर्माण योजना | २० लाख | |
| ४ | डिपाट कत्लेखोला ग्यावियन/तटवन्ध निर्माण योजना | १० लाख | |
| ५ | फरिवाङ आदामार ग्रामिण सडक निर्माण योजना | ५ लाख | |
| ६ | चोकिटोल बाटो स्ल्याबव ढलान निर्माण योजना | ३ लाख | |
| ७ | रामडाँडा बगरटोल बाटो निर्माण योजना | २ लाख | |

१६. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकाको आन्तरिक तर्फ ठुलो आय श्रोतको रुपमा रहेको ढुंगा, गिट्टी, बालुवा परिमाण तोकि ठेक्का बन्दोस्तीको माध्यमवाट कर संकलन कार्य हुने ब्यवस्था गरिएकोमा सो ठेक्का संचालन, अनुगमन, प्रतिवेदन तथा उत्खनन जस्ता कार्यहरु ब्यवस्थापन, नियन्त्रण र रेखदेख गरी प्रभावकारी रुपमा राजश्व चुहावट न्यूनिकरण गर्ने कार्यालयमा पर्याप्त जनशक्ति अभाव भएकाले ठेक्का बन्दोवस्ती हुनु पुर्व अमानतमा कर संकलक ईन्चार्जको रुपमा कार्यरत सरोज मुक्तानले तोकिएको कार्य ईमान्दारी पुर्वक सम्पादन गरेको देखिएको आधारमा निजलाई साविकमा पाएको सेवा सुविधामा नघटने गरी कर संकलन नाकामा निगरानी गर्ने फाँटवारीहरु लिने र अनुगमन लगायत अन्य आवश्यक कार्यहरु गर्ने गरी सेवा करारमा कार्यालयले कार्य विवरण सहित कामकाजमा २०७८ आषाढ मसान्त सम्मका लागि निरन्तरता दिनेगरी खटाउने ।

एकराज उप्रेती
अध्यक्ष

१७. यस प्रस्तावमा छलफल गर्दा देहाय अनुसारका शिर्षकहरुवाट उल्लेखित योजना संचालन तथा जिन्सी सामग्रीहरु आवश्यक प्रकृया पुरा गरी उपलब्ध गराउने ।

| सि.नं. | योजनाको नाम | नगद/ जिन्सी | भुक्तानीको श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ३ को स्वास्थ चौकि भवन मर्मत | २ लाख | विपद् ब्यवस्थापन कोष | प्राविधिकको लई अनुसार गर्ने |
| २ | ज्यामिरे लोप्चन टोल जाने बाटो वडा नं. ४ | १ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ३ | डिल्लीपुर अधुरो खानेपानी योझना वडा नं. ५ | ४ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ४ | मनहरी झुल्यान बस्ति बचाउ योजना वडा नं. २(खोला च्यानलाईजेशन गर्ने) | ७५ हजार | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ५ | ठाडोखोला झुल्यान स्याव ढलान योजना वडा नं. २ | १० लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ६ | मोतीदेवी सभाहल अधुरो झ्याल ढोका निर्माण योजना | ५ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ७ | चुहारपाखा खुर्सानीवारी विभिन्न टोलमा अर्थिङ निर्माण योजना वडा नं. ४ | २ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ८ | दुप्चेश्वर धर्मशाला निर्माण योजना वडा नं. ५ | ५ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ९ | जोकरटोल दुम्सीघडा सडक निर्माड योजना वडा नं. ५ | ५ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| १० | गुरुङ्ग डाँडा ईनार निर्माण योजना वडा नं. ८ | १ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| ११ | मानव धर्म सेवा भवन निर्माण योजना वडा नं. १ | ४ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| १२ | मनहरी ६ प्रतापपुरको लागि ४० ईन्चको ह्युम पाईप nP3 | ६ थान | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| १३ | टासी देछ्छेन छ्योलिङ गुम्वा शौचालय निर्माण योजना वडा नं. ६ | २.५ लाख | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| १४ | वडा नं. ८ को विभिन्न सडकमा राख्ने NP3 60 inch Ø Hum Pipe वडा कार्यालयको सिफारिस अनुसार | ६ थान | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार गर्ने |
| १५ | वडा न. ८ मा ट्युवेल धारा वडा कार्यालयको सिफारिसमा (कम्तिमा ५ घरले प्रयोग गर्ने गरी १ धारा) वितरण गर्ने | ६ थान धारा | पुँजिगत भैपरी विविध | प्राविधिकको लई अनुसार स्टोरले खरिद गर्ने |

१८. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकावाट प्रदान गरिने सेवा प्रवाहलाई पारदर्शि, सेवामुलक, बैज्ञानिक, यथार्थपरक, तथा उत्तरदायी वनाउन कर्मचारीहरुको उत्प्रेरणा र मनोबल अभिवृद्धिलाई ब्यवस्थित गर्दै संगठनको थप क्षमता बढाउन आवश्यक देखिएकाले पालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षण (Organization and Methods)

प्रतिवेदन तयार गर्ने सार्वजनिक उपयोगिताको सेवा खर्च चालुवाट रु. २ लाख विनियोजन गरी कार्यालयले आवस्यक कार्य प्रकृया अगाडि वढाउने ।

१९. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ९ स्थित गाउँपालिकाको प्रशासनिक भवन निर्माण स्थलको प्रारंभिक वातावरणिय परीक्षण प्रतिवेदन (IEE) तयारीका लागि प्राप्त कार्यसुचि (ToR) प्राविधिक समितिको सिफारीस वमोजिम स्वीकृत गर्ने ।

२०. यस प्रस्ताव मा छलफल गर्दा वडा नं. ३ लामिटारमा समावेशी भवन निर्माणका लागि लघु उद्यम विकास कार्यक्रम प्रवर्धन तथा उद्यमी महिला द्वारा उत्पादित विभिन्न बस्तु विक्री केन्द्र निर्माण संचालन समेतको शिर्षकहमा विनियोजित रु. २० लाख बजेटलाई समावेश गरी प्राविधिकको लागत अनुमान अनुसार उपभोक्ता समिति मार्फत आवश्यक प्रकृया पुरा गरी निर्माण कार्य गर्ने ।

२१. यस विविध प्रस्तावहरुमा छलफल गर्दा देहाय अनुसार गर्ने ।

क. **ECD** शिक्षिकाहरुलाई अनुभव आदान प्रदान गर्ने उद्यश्यले शैक्षिक भ्रमणका लागि प्राप्त प्रस्ताव अनुसार उत्कृष्ट विद्यालय विद्रार्थी शिक्षकलाई वि.ब्य.स.लाई पुरस्कार शिर्षकवाट रु.३० हजार उपलब्ध गराउने ।

ख. अखिल नेपाल महिला संघ राष्ट्रिय महासंघको काठमाण्डौंमा हुने केन्द्रिय भेलामा सहभागि हुन समाज रुपान्तरणका लागि रुपान्तरित नेतृत्व शिर्षकवाट रु. २० हजार सहयोग उपलब्ध गराउने ।

ग. जिल्ला स्तरिय शैक्षिक सहयोग अक्षय कोष मकवानपुरले विभिन्न पालिकाहरुमा असहाय जेहेन्दार छात्रछात्राहरुलाई छात्रवृत्ति लगायतका सुविधाहरु प्रदान गर्ने गरेकाले सो कोषको संस्थागत सदश्यता शुल्क वापत रु. २० हजार जोखिम वालवालिका छात्रवृत्ति निरन्तरता चालु शिर्षकावाट उपलब्ध गराउने ।

घ. देहाय अनुसारका ब्यक्तिहरुलाई सम्वन्धित काजगातहरु तथा वडा कार्यालयवाट तथा स्वास्थ्य शाखावाट भएको सिफारिस समेतको आधारमा स्वास्थ्य उपचार तथा मृतकहरुका लागि आर्थिक सहायता तथा चन्दा शिर्षकमा विनियोजित चालु बजेटवाट प्रदान गर्ने ।

| सि.नं. | वडा नं. | नाम थर | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७ | दिल बहादुर लामा | कोरोना जटिलता | १०,०००.०० | |
| २ | ३ | बुदि राई | क्यान्सर | १०,०००.०० | |
| ३ | १ | श्रीमाया रुम्वा | पेटरोग | १०,०००.०० | |
| ४ | ९ | अजय राई | कोरना जटिलता | १०,०००.०० | |
| ५ | ९ | विष्णु वि.क. | मुटुरोग | १०,०००.०० | |
| ६ | ९ | श्याम पुरी | मुटुरोग | १०,०००.०० | |
| ७ | ७ | ईन्द्र कुमारी खड्का | गैडाले हानेको | १०,०००.०० | |

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

निर्णय प्रमाणित

[illegible]राज उप्रेती